जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १०, अङ्क - २०, २०७८ पुस ८ गते विहीबार, 23 Dec.2021 नेपाल सम्वत्-११४२ पृष्ठ-६, मूल्य रू. ५/-

पुलामी माओवादी बागमती कमिटी उपाध्यक्षमा विजयी



○ सहीखबर संवाददाता

मकवानपुर/नेकपा (माओवादी केन्द्र) बागमती प्रदेश कमिटी उपाध्यक्षमा मकवानपुरका प्रेम बहादुर पुलामी (छिन्तु) विजयी भएका छन्।

छिन्तुले १ सय ३८ मत ल्याएर प्रदेश उपाध्यक्षमा विजयी भएका हुन्। ३ उपाध्यक्षको पदमा ८ जनाको उम्मेदवारी परेकोमा मकवानपुरका छिन्तु सहति रुपा मर्हजन र रामप्रसाद ढुंगाना निर्वाचित भएका हुन् । त्यस्तै नेकपा (माओवादी केन्द्र) बागमती प्रदेश समितिको अध्यक्षमा सरल सहयात्री निर्वाचित भएका छन् । उनी अर्का प्रत्यासी दिनानाथ गौतमलाई पराजित गर्दै अध्यक्षमा विजयी भएका हुन् ।

जम्मा २ सय ६१ भोट खसेको थियो । जसमा उनले १ सय ६२ मत ल्याए । गौतमले ८६ मत ल्याए । अध्यक्षमा सहमति नभएपछि सोमबार निर्वाचन भएको थियो । प्रदेश समिति सदस्यले पदाधिकारी चुन्न मतदान गरेका थिए । त्यस्तै सचिवमा काभ्रेका इन्द्रबहादुर थिङ निर्वाचित भएका छन् । उनले १ सय ४९ मत ल्याए ।

बागमती प्रदेशको मंसिर २५ र २६ गते काठमाडौंमा भएको सम्मेलनमा २७५ जना सदस्य चयन भए पनि पदाधिकारीमा सहमति हुन सकेको थिएन।

पाँच मन्त्रालय एकै घरमा

○ सरिता दाहाल

मकवानपुर/एउटै घरमा एकभन्दा बढी परिवार बस्नु सामान्य ठानिन्छ । शहरी क्षेत्रमा ठुला घरहरुमा बैंक तथा वित्तिय संस्थाहरु पनि एकभन्दा बढीले कार्यालय चलाइरहेको पाइन्छ । तर, बागमती प्रदेशको राजधानी हेटौंडामा कुनै परिवार वा सानातिना कार्यालयहरु मात्रै एउटै भवनमा छैनन् । यहाँ एउटै घरमा ५ वटा मन्त्रालयसम्म अटाइएका छन् ।

प्रदेशमा मन्त्रालयहरु एक्कासी ८ वटा बढाएर १४ पुऱ्याइएपछि कार्यालय अभाव भएकोले एकै भवनमा ५ वटा मन्त्रालय राखिएको हो ।

बागमती प्रदेश सरकारमा संलग्न दलहरुलाई चित्त बुझाउकै लागि मन्त्रालयहरु फुटाइएपछी अहिले मन्त्रालयको कार्यालय व्यवस्थापन गर्न धौ धौ भएको हो । कतै एउटै भवनमा ५ वटासम्म मन्त्रालय राखिएका छन् त कतै भुकम्पले जीर्ण भएको जोखिमपूर्ण भवनलाई रङ्गरोगन गरी बाहिरी रुपमा चिटिक्क पारेर मन्त्रालय राखिएको छ । र अझै पनि मन्त्रालय राख्ने सरकारी भवनको अभाव भएपछि प्रदेश सरकारले केही मन्त्रालयहरु भाडाको घरमा राखेको छ । संघीय, प्रदेश तथा स्थानीय सरकारले खर्च कटौतीको लागि बैंक, सहकारीलगायतलाई मर्ज गर्ने नीति लिएर यस अनुसार मर्जरमा जाने संस्थालाई प्रोत्साहन गर्दै आएको छ । तर सरकारले नै नियमित खर्चको धेरै गुण भार बढ्ने गरी मन्त्रालय फुटाएपछी समस्या देखिएको हो ।

प्रदेशको श्रम रोजगार तथा यातायात मन्त्रालय,कृषि तथा पशुपन्छी विकास मन्त्रालय, खानेपानी, उर्जा तथा सिंचाई मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय र भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई एउटै भवनमा राखिएको छ ।

बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्र पाण्डेले गठबन्धनमा सहभागी दललाई भाग



थपियो करोडौको भार .....

पेज ५ मा

पुऱ्याउन साविक ८ वटा मन्त्रालयलाई १४ वटा बनाएपछि अहिले मन्त्रालय व्यवस्थापनमा समस्या देखिएको हो ।

पाण्डेले एउटै मन्त्रालयलाई ३ वटासम्म पुग्नेगरी टुक्र्याएका हुन् । नेकपा एकीकृत समाजवादीका नेता पाण्डेको नेतृत्वमा बागमती प्रदेश सरकारमा नेकपा माओवादी केन्द्र र नेपाली कांग्रेस सहभागी छ । मुख्यमन्त्री नियुक्त हुंदा पाण्डेले सुशासनमा अधिक ध्यान दिने बताएपनि व्यवहारमा त्यो देखाउन सकेनन् ।

औचित्य र आवश्यकताबिना नै मन्त्रालय फुटाएपछि अहिले मुख्यमन्त्री पाण्डे आलोचित बनेका छन् ।

यसरी टुकिय मन्त्रालयहरु

स्थापनाकालमा बागमती प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सहित ७ वटा मात्रै मन्त्रालय थिए । अष्टलक्ष्मी शाक्य मुख्यमन्त्री भएपछि सामाजिक विकास मन्त्रालयलाई फुटाएर स्वास्थ्य मन्त्रालय थपि आठ पुऱ्याइएयो । अहिले मन्त्रालयको संङ्ख्या १४ पुऱ्याइएको छ ।

स्थापनाकालमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय रहेको मन्त्रालयलाई अहिले पाण्डेको नेतृत्वको सरकारले तीनवटा बनाएको छ । यता सामाजिक विकास मन्त्रालयलाई पुन: फुटाइएको छ । यसैगरी भौतिक पूर्वाधार विकास मन्त्रालय, भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई पनि फुटाइएको छ । १५ मंसिरमा बसेको प्रदेशको मन्त्रिपरिषद् बैठकले मन्त्रालय फुटाएर ८ बाट १४ वटा बनाउने निर्णय गरेको थियो ।

यसअघि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित आर्थिक मामिला तथा योजना मन्त्रालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण

बाँकी पेज ५ मा

मन्त्रालय फुटाएकोमा आपत्ति जनाउँदै प्रदेश सभा अबरुद्ध

○ सञ्झना घिमिरे

मकवानपुर/ दलिय भागबण्डा पुऱ्याउँनको लागि मन्त्रालय औचित्यहिन रुपमा फुटाइएको र सरकारी खर्चको भार बढाएको विरोधमा बागमती प्रदेश सभाको विपक्षी दलहरुले औचित्य पुष्टि गर्न माग गरेका छन् ।

प्रदेशसभामा विपक्षीमा रहेका एमाले, विवेकशील साझा, नेपाल मजदुर किसान पार्टी र राप्रपाको संयुक्त बैठकले मन्त्रालय विभाजन, मन्त्री तथा राज्यमन्त्री थप गरिएको विषयको औचित्य सदनबाटै पुष्टि गर्न चुनौती दिएको हो । ७ वटा मन्त्रालय फुटाएर १४ वटा बनाइएपछि उत्पन्न असहज परिस्थितीलाई मध्य नजर गर्दै आफूहरुले यस्तो माग गरेको विपक्षि दलहरुले दाबि गरेका छन् ।

'गलत कदमको विरुद्ध सरकारलाई



बैलैमा खबरदारी गराउनु हाम्रो जिम्मेवारी र कर्तव्य हो' एमाले संसदीय दलका नेता अष्टलक्ष्मी शाक्यले भनिन् । एमाले कै आह्वानमा उक्त बैठक बसेको थियो । सर कार सदनप्रति जिम्मेवार हुनुपर्छ । संघीयतालाई संस्थागत रुपमा अगाडि बढाउन पनि प्रतिपक्षीले निरन्तर खबरदारी जरुरी रहेको छ'उनले भनिन् ।

यसैबीच एमालेको अवरोधका कारण बुधबार बसेको प्रदेश सभाको बैठक अबरुद्ध भएको छ । प्रदेशको प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले प्रदेशसभाको वैठक अवरुद्ध गरेको हो । एमाले आफू सरकारमा रहँदा सुरु गरिएको गौरवको आयोजना कटौती फिर्ता हुनुपर्ने माग गरेको छ । निर्धारीत समयभन्दा २ घण्टा ढीलो सुरु भएको थियो । बैठकमा नेकपा एमालेले मुख्यमन्त्री राजेन्द्र पाण्डे नेतृत्वको सरकारले गरेको गलत कामको जवाफ दिनुपर्ने माग गर्दै कार्यव्यवस्था परामर्श समितिको बैठकमा अडान राखेपछि बैठक दुईघण्टा ढिलो सुरु भएको थियो ।

बैठकमा पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले विशेष समय लिएर आफ्नो नेतृत्वको सरकार ले ल्याएको बजेट पूर्णरुपमा कार्यान्वयन हुनुपर्ने, गौरवको आयोजना कटौती फिर्ता लिनुपर्ने तथा मन्त्रालय विभाजनको विषयको मुख्यमन्त्रीले सदनमा जवाफ दिनुपर्ने माग गरेका थिए । पौडेलले बोले लगत्तै एमाले सांसदहरूले सदनमा उठेर अवरोध सिर्जना गरेका थिए । त्यसपछि बैठक विहीबार ११ बजेसम्मको लागि स्थागित गरिएको सभामुख सानुकुमार श्रेष्ठले बताए ।

२०७८ पुस ८ गते विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

प्रकाशक/सम्पादकः- सरिता दाहाल
समाचार संयोजकः संझना घिमिरे
प्रबन्ध व्यवस्थापकः- सिताकुमारी घिमिरे
बजार व्यवस्थापक:सावित्रि देवी श्रेष्ठ (डंगोल)
मुख्य कार्यालयः- हेटौंडा-५ मकवानपुर
सम्पर्कः- ९८४५४६१३३३
इमेलः journalistdahal@gmail.com
कम्प्युटर सेटिङः *सहीखबर साप्ताहिक* डेक्स हेटौंडा-५, मकवानपुर
मुद्रणः-श्रेया अफसेट प्रेस, हेटौंडा-५, सानो पोखरा चोक ।

सम्पादकीय

निर्वाचनको तयारी

देश संघीयताको अभ्यास चरणमा छ । अभ्यासकै क्रममा निर्वाचित जनप्रतिनिधिहरूले एक कार्यकाल बिताएका छन् । स्थानीय सरकार सञ्चालनको क्रममा आवश्यक ऐन, कानुन, नीतिहरू निर्माण गर्ने प्राय कामहरू पहिलो कार्यकाल बिताएका जनप्रतिनिधिहरूले बनाइसकेका छन् । सामान्यतः स्थानीय सरकार सञ्चालनको रोडम्याप बनेको छ । आफ्नो टोल र बस्तिमा व्याप्त कुरीति तथा विसंगतिहरू पन्छाएर समतामुलक अग्रगामी सामाजिक विकास गर्न तथा भौतिक विकास हासिल गर्न स्थानीय स्तरमै जनप्रतिनिधिहरूको महत्वपूर्ण भूमिका रहन्छ ।

स्थानीय तहका जनप्रतिनिधिहरू चोक र चौतारोमा भेटीने हुँदा स्थानीय स्तरको जनगुनासाहरू सम्बोधनको लागि छिटो छरीतो सेवा पुऱ्याउनमा समेत सहजता आभाष नागरिकहरूले गरेका छन् । अब स्थानीय तहको निर्वाचनको लागि निर्वाचन आयोगले मिति प्रस्ताव गर्ने तयारी गरेको छ । आगामी २०७९ बैशाख २० गते देशको ७ सय ५३ वटै स्थानीय तहहरूमा निर्वाचन गर्न निर्वाचन आयोगले प्रस्तावको तयारी गरेको हो । स्थानीय तहको निर्वाचन भएको ५ वर्ष पुरा हुन लागेको अवस्थामा निर्वाचन आयोग यस्तो तयारीमा लागेको छ । नेपालको संविधानले स्थानीय तहको निर्वाचन प्रत्येक ५/५ वर्षमा हुने समय सिमा तोकेको छ । यस अनुसार हाल बाहल रहेका स्थानीय तहका जनप्रतिनिधिहरूको कार्यअवधि सकिन अब ५ महिना मात्रै बाँकी छ ।

निर्वाचनको मिति नजिकिंदै गर्दा ठुला राजनैतिक दलहरूले पार्टी चुनाव सकेका छन् । निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले आयोग निर्वाचन गर्ने तयारीमा जुटिरहेको बताएका छन् । स्थानीय सरकार रिक्त रहने विषय कल्पनासमेत गर्न सकिन्न । स्थानीय तहको निर्वाचन मिति नजिकिंदै गर्दा मतदात शिक्षालगायतको कामलाई पनि प्राथमिकता दिनु जरूरी छ ।

न्याय र न्यायीक समिति



✍ डिल्लीरत्न श्रेष्ठ,मुख्य न्यायधीश, जिल्ला अदालत मकवानपुर

जीवनमा आइपर्ने सबै कुराहरू हामीलाई मन पर्छन् भन्ने छैनन् । कतिपय कुराहरू हामीलाई मन पर्दैनन् तर, ति कुराहरू, ति सवालहरू हाम्रो जीवनमा जोडिएर आउँछन् । न्यायीक समितिको कुरा गर्दा विवादको कुरा जोड्नै पर्ने हुन्छ । हामी स्वभावैले सम्बन्धहरू मन पराउँछौ । सम्बन्धहरू बनाउँन चाहन्छौ । सम्बन्धहरू सकारात्मक तर्फ बढाउन चाहन्छौ । तर विवाद यहीबाट सुरू हुन्छ, जहाँ जहाँ सम्बन्धहरू छन् । जहाँ जहाँ सम्बन्धहरू र हन्छन् । घाम-छायाँ जस्तै सम्बन्ध र विवाहरू पनि रहन्छन् एकापसमा । अनि हाम्रो जीवन विवाद रहित हुनै सक्दैन । त्यसैले हामीले सबैभन्दा पहिले विवादलाई ग्रहण गर्नुपर्छ ।

विवाद स्वाभाविक कुरा हो, हाम्रो सामाजिक जीवनमा राष्ट्रिय जीवनमा विवाद हुन्छन् भनेर हामीले स्वीकार गर्नुपर्छ । विवादलाई फोहोरमैला जस्तै हो । जहाँ मान्छे हुन्छन् त्यहाँ फोहोरमैला हुन्छ । फोहोर बाट मान्छेको जीवन टाढा जान सक्दैन, त्यसलाई व्यवस्थापन मात्रै गर्न सक्दछ । फोहोरलाई व्यवस्थापन गर्न नसक्दा विभिन्न संक्रमणहरू हुन्छन्, अफ्ठ्याराहरू आइपर्छन् ।

विवाद पनि ठ्याक्कै त्यही रूपमा बुझौं । विवादबाट हामी टाढा रहन सक्दैनौ । सम्बन्धसंगै विवाद जोडिएर आएको हुन्छ । सम्बन्धको अर्को पाटो विवाद नै हो । तर हामीले विवादलाई समाधान गर्न सक्छौ । निकास दिन सक्छौ । विवादलाई व्यवस्थापन गर्न सक्छौ । विवादलाई व्यवस्थापन गर्न सकिएन भने यसले ठुलो रूप लिन्छ । विवादलाई स्वीकार गर्दा गर्दै पनि निकाशको लागि उचित प्रवन्धहरू चालिनु पर्छ नत्र यसबाट द्वन्द्व जस्ता ठुला रूपहरू पनि लिन सक्छ । त्यसैलाई विवादलाई त्यही रूपमा लिनु पर्छ ।

अझै अगाडी बढ्दै जाने हो भने अझै जटिल कुरा छ । जस्तो किः समाजको कुरा गरौं । समाज एउटा सम्बन्धै सम्बन्धबाट बनेको जालो जस्तै हुन्छ । समाज जति कृयाशिल हुन्छ, जति यसको तिविधिहरू अगाडी बढ्छन् उति नै विवाद आउने संभावना पनि हुन्छन् । सरल समाजमा सर ल विवाद हुन्छन् । सरल सम्बन्धमा सरल प्रकृतिकै विवाद हुन्छन् । यसैले विवाद समाधान अथवा व्यवस्थापन नै सबैको हितमा छ ।

अब कुरा आउँछ, विवाद कसरी समाधान गर्ने त भन्ने बारे । विवाद समाधानको उपायहरू यावद छन् । सबैभन्दा पहिले त व्यक्ति आफैंले विवाद समाधान गर्न लागि पर्दछ । मेरो विरूद्ध मेरो सम्बन्धमा केही विवाद उठ्यो भने पहिले त विवादका पक्षहरू नै आपसमा छलफल गर्दछन् । यो आपसी वार्ताको चरणबाट पनि धेरै विवादहरू समाधान हुने गर्छन् । अथवा हामीले कहिले काँही तेस्रो पक्षको सहयोग पनि लिने गरीन्छ ।

यसमा केही प्रचलित विधिहरू पनि छन् । औपचारीक, अनौपचारिक वार्ताका कुराहरू हुन्छन् । राष्ट्र-राष्ट्रका बिचमा पनि वार्ता गर्ने गरिन्छ । यो सबैभन्दा प्रभावकारी उपाय हो । व्यक्ति-व्यक्ति, संस्था-संस्थाबीच पनि वार्ता गरिन्छ ।

अर्को तरीका छ, मेल मिलापको । मेलमिलापमा तेस्रो पक्षको सहयोग लिएर विवाद समाधान गर्ने गरिन्छ । यो झनै प्रभावकारी रूपमा प्रचलनमा छ अहिले । यसै गरी मध्यस्थकर्ता राखेर, अदालतको प्रक्रियामा प्रवेश गरेर पनि विवाद समाधान गरिन्छ ।

नेपालमा २०७२ सालको संविधान आएपछि न्यायीक समितीलाई स्थानीय अधिकारहरू दिएको छ । स्थानीय निकायमा दिइसकेपछि यसको प्रभावकारीताबारे छलफल गर्नुपर्ने, समिक्षा गर्नुपर्ने देखिएको छ । कतिपय अवस्थामा न्यायीक समितिले एकदमै राम्रो गरी स्थानीय तहमा नै विवादको समाधान गर्न सकेका छन् । यसको उपभोक्तहरू पनि खुसी छन् । यसको कारण के हो भने न्यायमा पहुँच पुगेको कुराहरू छन् ।

समाजमा उठेका विवादहरू समाधान गर्नु राज्यको राज्यको दायित्व पनि यही हो कर्तव्य हो । यसलाई अर्को भाषमा भन्नुपर्दा न्यायमा पहुँचको कुरा सबैभन्दा महत्वपूर्ण हुन्छ । संरचनामात्रै बनाएर हुँदैन, त्यसमा पहुँच पनि चाहिन्छ । पहुँचबिनाको संरचना अर्थहिन नै हुन्छ । एक वर्गले प्रयाप्त लाभ लिने, र अर्को वर्ग झनै बञ्चितिकरणमा पर्ने हुन्छ । यस्तो संरचनाको कुनै अर्थ नै छैन । आफ्ना दुख पोख्न ठाउँ, आफ्नो पीडा व्यक्त गर्ने ठाउँ पाउनु भनेको मानव जीवनको लागि अत्येन्तै ठुलो बिसौनी पाए जस्तो हो । हरेक मान्छेसँग विवाद र पीडाहरू हुन्छन् । उनीहरूको पीडा पोख्ने ठाउँ, सुनि दिने कोही हुँदो हो त उ आफ्नो आङ् भरोसा भएको आभाष गर्दछ । न्यायीक समिति त्यो चौतारी हो, त्यो बिसौनी हो । सरकारले बनाएको यो संयन्त्र धेरै राम्रो छ । संयन्त्रले उचित ढंगले काम गर्न सकेन भने यसको अर्थ रहन्न ।

अहिलेको परिपच्छेमा हेर्ने हो भने,धेरै उत्साही हुने ठाउँहरू पनि छन् । म व्यक्तिगत रूपमा पनि धेरै पटक न्यायीक समितिसँग अन्तरक्रियमा बसेको छु । यसबाट हेर्दा मैले धेरै उत्साही हुने पाटाहरू भेटेको छु नेपालको सन्दर्भमा । हाम्रो देशको भौगोलिक जटिलताको कुराहरू, मान्छेको क्षमता र पहुँचको कारणले गर्दा आफ्नो घर आँगनमा आफ्नो पीडा सुनाउने, आफ्नो विवादको कुराहरू लैजाने ठाउँ (न्यायीक समिति) पाए । यसले धेरै राहत दिएको छ जनताहरूलाई । न्यायमा पहुँचको कुरा गर्दा यो धेरै राम्रो कुरा हो । अर्को कुरा उहाँहरूको क्षमता पनि अभिवृद्धि भइरहेको छ । सुरूसुरूमा न्याय निरूपण गर्ने न्यायीक समितिको संयोजक र अहिलेका संयोजकहरूमा धेरै फरक छ । पहिले जस्तो पार्टीको मुद्दाको रूपमा विवाद हेरिदैन अहिले । उहाँहरूको क्षमताको विकासले यो संभाव भएको हो ।

अहिले आफ्नो पार्टीको भन्दा कानुनको कुरा उहाँहरूले गर्नुहुन्छ अहिले । काम गर्दै जाँदा मेरो पार्टी र तेरो पार्टीको कुरा भनेर हेर्ने मुद्दा हैन रहेछ भने उहाँहरूले बुझ्नु भएको छ, यो उहाँहरूको क्षमता अभिवृद्धिको कारण हो । विवादको वस्तुस्थिती बुझ्ने, वस्तुगत ढंगबाट निर्णय गर्ने गर्न थालिएको छ । चुनाव जितेर आउँदा ताका भन्दा उहाँहरूले न्यायीक कार्य के हो भनेर बुझ्नु भएको छ । यो अभ्यास, अनुभवले नै जनताका पहुँचको विस्तार गराउने हो । यसले जनतामा न्यायमा पहुँचको सुनिश्चितता गरेको छ ।

अर्को चुनौति पनि *बाँकी पेज ३ मा*

२०७८ पुस ८ गते विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

गीताश्री शर्माको 'मुक्ता' माथि नजर लगाउँदा



आरपी गुरागाईं

सिक्किम भारतमा बसेर साहित्यमा कलम चलाउने साहित्यकार गीताश्री शर्माको पहिलो कृति मुक्तकसंग्रह 'मुक्ता' कोरोना महामारीकै समयमा विमोचन भएको हो । कोरोनाको कारण रुऔपचारिक कार्यक्रम नगरी विमोचन गरिएको हो ।


कोरोना महामारीको असर केही कम भएपछी मेरो लागि माया गरेर १ प्रति पुस्तक पठाइ दिनु भएको थियो । मुक्तालाई अध्ययन गर्दा केही लेख्न मन लाग्यो र पुस्तक प्राप्तीको महिनौ पछी पाठकको आँखाबाट पढ्दा जस्तो बुझियो त्यसैको आधारमा साहित्यलाई माया गर्ने साहित्यप्रेमी भएको नाताले आफ्नो विचार व्यक्त मात्र गर्न खोजेको छु ।

लिङमो दक्षिण सिक्किम भारतमा वि.सं. २०३० साल फागुन १८ गते जन्मनु भएका गीताश्री शर्माको वास्तविक नाम गीता शर्मा उपाध्याय नेउपाने हो । लेखन सम्पादन र प्रकाशन कार्य जनपक्ष प्रकाशन संस्थासँग आवद्ध रहेका उनको सम्पादनमा अमृतवाणी र विश्व प्रशिद्ध व्यक्तिहरुको महान वाणीहरुको संकलन तथा विद्यालय तहका पाठ्यपुस्तक प्रकाशित छन् ।

मुक्ता १ सय २८ पृष्ठको छ । भूमिका समेत अन्य २२ पृष्ठका छन् । १ सय ६ पृष्ठभित्र ३ सय १८ वटा मुक्तक सजिएका छन् । आफ्नै प्रकाशनगृह, जनपक्ष प्रकाशन गान्तोक र सिस्टमेटिक डिजाइनर्स एण्ड प्रिन्टर्स सिलगढी भारतमा मुद्रित रहेको छ यो पुस्तक । भूमिकाले यसको वजन बढाएको छ ।

मुक्तक शृङ्गारिक, प्राकृतिक, पारिवारिक र राजनीतिक लगायतका विषयहरुमा लेखिएका पाइन्छ । सुरुमा प्रेमसँग जोडिएको शृङ्गारिक मुक्तकको बारेमा लेख्ने जमर्को गरे । मुक्तामा रचनाकारको मन नव यौवनाको रूपमा प्रस्तुत भएका छन् । मानव मन हो कहिले बालक कहिले यौवन त कहिले वयस्क र कहिले बृद्ध जस्तो वयली खेल्दैन भन्न सकिन्न । कतिपय हेरेरे देखेर भोगेर र कल्पनामा वगेर पनि सृजना प्रष्फुटित भएका हुन्छन् ।

तिमी धुँवा बनेर हावामा आइदेउ
मैले सास फेर्दा तिमी गीत गाइदेउ



हास्दै रमाउँदै बाँचौला मिलीजुली
मिठो सुवास छरेर संसारमा छाइदेउ ।

।।।।।।

मिलनको पदसँगै रमाउन मन छ
जुनी जुनी तिम्रै हात समाउन मन छ
हातेमालो गरी गरी अघि बढ्नु पर्छ
तिमीलाई धेरै नजिक सजाउन मन छ ।

यस्ता शृङ्गारिक मुक्तक धेरै छन् । भावनामा नबगी, अली रसिक मन नबनाइ साहित्यको कुनै बिधामा कलम चाउन गाह्रै पर्छ । कवि साहित्यकारहरु यसै पनि बढी भावुक हुन्छन् । मुक्तककार भावना मै नव यौवनको रुपमा प्रस्तुत भएका छन् ।

तिमीसँग बसेर एउटा गीत गाउन पाए
चौतारीमा बसेर मिठो माया लाउन पाए
पिरतीका फुलहरु झुल्थे होला
तिमीलाई मेरै नजिक मेरै नजिक पाउन पाए ।

मुक्तककारको मुक्तक सग्रहको नाम 'मुक्ता' छोरीको नाम राखिएको छ । उनको 'बर्षा' कविता संग्रह प्रकाशोन्मुख समेत छोरीको नामबाट प्रकाशित हुँदैछ । समाजमा अझैपनि वंश चलाउन छोरा नै चाहिने संस्कार छ ।

छोरी मात्र सन्तान हुनेहरुको वेदना गीताश्रीले मुक्तक मार्फत प्रस्तुत गरेकी छन् । छोरीहरु, आमा तथा पतिलाई बिम्ब बनाएर समेत मुक्तक लेखिएका छन् । पारिवारिक स्नेहमा रचित मुक्तकहरुमा धेरैजसो मुक्ता र बर्षा नामका छोरीहरुसँग खेलेका छन् ।

घरकी सूर्य हौ तिमी मेरो जीवनको पहिलो किरण
आयौ तिमी धर्तीमा जब म परे तिम्रै शरण
छोरो नै चाहिन्छ वंश चलाउन भन्ने हाम्रो समाजमा
छोरी पनि कम छैनन् भनेर देखायौ एक उदाहरण

।।।।।

घरका कुना कुनमा छोरी तिम्रा पाइला खोज्दैछु
कहिले आउने तिमी भनी तस्विरलाई सोद्धैछु
तिम्रै आवाज गुञ्जायमान् छन् घरमा जतातै
हृदयलाई सम्झाउँदै तिम्रो सुनौलो भविश्य सोच्दैछु ।

।।।।

चस्स मन दुख्छ जस्का छोरा उसको जन् भन्नेहरुदेखि
जति भैंसी पाल्न सक्छौ आनै हो बन् भन्नेहरुदेखि
कति स्वार्थी हाम्रो समाज र निष्ठुरी उनै बा आमा पनि
छोरो वंश हुन्छ छोरीलाई अर्काको धन् भन्नेहरुदेखि

पारिवारिक स्नेह तथा माया दर्शाएर रचना गरिएका मुक्तकहरु छन् । ती मुक्तकहरुले मार्मिक लाग्छन् । कतिपय मुक्तक नितान्त पारिवारिक छन् ।

परिस्थितीले म अहिले धेरै झेलिएको छु
कर्तव्य र जिम्मेवारीले अझ पेलिएकी छु
केवल छोरी हुँदा खुकुलो थियो मेरो संसार
थर के फेरियो धेरै साइनु भित्र जेलिएकी छु ।

।।।।

जाउ छोरी तिम्रो घर खुसी लिएर जाउ
दुवै घरको सम्बन्ध जोड्ने सेतु बनेर छाउ
खुसी बस हरदम तिमी रमाएर घरमा
कहिले काही बा आमा सम्झी यो घरमा आउ ।

।।।।

पति र पत्नीको सम्बन्ध रथका दुई पाग्रा भनिन्छ । एकको भर नभए रथ नचले जस्तै जीवन पनि पति पत्नीको भरमा चल्ने गर्छ । त्यो सम्वन्ध भित्र माया प्रेम शंका घृणा रिसराग कहिले काँही सानोतिनो झगडा फेरी सुमधुर सम्वन्ध । परालको आगो जस्तो झगडा पति पत्नीमा रहन्छ भनिन्छ । एकदम क्षणिक । कुनै कुनै मुक्तकमा मुक्तकार घुर्क्याउँदै भन्छिन् :

धेरै रिसाउँछौ मसँग तिमी आज भोलि
झटारो हान्ने हौ कि घृणाको गोली,
कि त मलाई अथाह मायाँ गरेको हुनुपर्छ
भन्छौ भने आजै भन नत्र म चढ्छु नयाँ डोली ।

।।।।

सबै पानमा तिम्रो नाम लेख्न सके पो जिन्दगी
प्रत्येक ऐनामा तिम्रो मुहार देख्न सके पो जिन्दगी
तिमी मेरो जोश, उर्जा र प्रेरणाको स्रोत हौ
हृदयमा छर्दैछौ तिम्रो पाइलामा टेक्न सके पो जिन्दगी

माया प्रेम श्रृगारिक पछी प्रकृति प्रेम मुक्तककारको बढी रुचिको बिषय हो भन्ने मुक्तामा देखिएको छ ।

पृथ्वीलाई हामी केही उपहार दिउँ
अनि पो हुन्छ हामीलाई जिउँने निहुँ
रोपौं बोटविरुवा हामी सबै यहाँ
अनि आनन्दसँग हामी सास लिउँ ।

।।।।

खाई खेली गरी हुर्के यही माटोको चुलोमा
कति लडे खेले बढे यही घरको धुलोमा
पत्तै नपाइ समयले कोल्टे फेरीसकेछ आज
विरानो झै लाग्छ हिड्दा तिनै खेतको कुलोमा ।

गीताश्रीमा मुक्तकहरुमा जीवनमा भोगेका घटनामा आधारित मुक्तकहरु बढी रहेको पाइन्छ । स्वभावत मानव जीवनमा सुखका भन्दा दु:खका पाटो बढी हुन्छ । जन्मने वित्तिकै दु:ख सुरु होला तर सुख समयक्रममा मान्ने विषय भएर होला वियोगान्तक भाव आउनु स्वभाविक हो ।

जिन्दगीका दु:खहरु केलाउँदा थाकेकीछु

देवी देउता साक्षी राखी भाकल मैले राखेकीछु
कर्म गरी मर्म मेटारउने कोशिश धेरै गरे मैले
पर सारी दु:खलाई अब सुख डाकेकीछु ।

।।।।

बाँच्न गाह्रो छ यहाँ सुनको छेउमा गुन भुल्नेसँग
हाँस्न उत्तिकै गाह्रो छ घामको छेउमा जुन भुल्नेसँग
गुमाइसकेपछि मात्र महत्व बुझ्ने दुनियाँमा
महको स्वाद मुखमा रहुन्जेल नुन भुल्नेसँग

राजनीति भाव प्रति खासै चासो राखिएको जस्तो मुक्तक सग्रहमा लाग्दैन तर पनि राजनीतिक खेल भएको कुरा केही मुक्तकहरुमा उनले बोल्न भ्याएकी छन् ।

सत्ता दोहोरी खेल्नेलाई सधै खेल्न पुगेको छ
सीधा साधाको भावनालाई यहाँ पेल्न पुगेको छ
गाँउ समाज र देशको मुहार फेर्न भनेर भोट दिन्छौ
चोक्टीमा पुगेपछी अनै नाता गोतालाइ ठेल्न पुगेको छ ।

हामी जुन माटोमा जन्मिन्छौ त्यही माटोको माया ममता हुनु अस्वाभाविक होइन । राष्ट प्रेम हरेक देशका नागरिकलाई उत्तिकै हुन्छ । राष्टियता देश प्रेमका प्रशङमा उनले लेखेकी छन् ।

जैविक फलफूल सागसब्जी खेतबारीका गरामा
शीतल हावा शुद्ध पानी छ सिक्किमको पहरामा
धुपी, सल्ला, चाँप, गराँस, सुनाखरी पैयौं फुलेका
आउँछौ कहिले घुम्न रम्न हाँस्न प्राकृतिक धरामा

।।।।

कञ्चनजंङघा मुकुट सरह सिक्किमको मान हो
डाँडा काँडा पहरा छहरा यही हाम्रो सान हो
भोटे लाप्चे र नेपाली मिलेर बसेको प्रिय ठाँउ मेरो
यही माटोमै जन्मे हुर्के अब यही माटो प्राण हो ।

गीताश्रीसँग मुक्तक संसारमा म पनि जोडिए पछि परिचय भएको हो त्यही समूहमा उनका मुक्तकहरु पढ्दै गर्दा । पछी समाजिक सरुजालमा जोडियौ र कुराकानी भए । मुक्ता मुक्तक सग्रह कोभिड महामारीको समयमा आमाको हातबाट विमोचन गराए पछी सामाजिक सजालबाटै साहित्यिक अन्तरवार्ता लिएर प्रकाशित समेत गरेको छु ।

अन्तमा, साहित्यका विभिन्न विधामा कलम चलाउँदै आएकी गीताश्री शर्मालाई मुक्ताको लागि बधाइ तथा केही समयमै प्रकाशित हुँदै गरेको प्रकाशोन्मुख कथा संग्रह समयका रेखाहरुको लागि समेत बधाइ तथा शुभकामना । उनको साहित्यिक यात्रा अनवरत चलिरहोस् ।

सहीखबर अनलाइन संस्करणबाट

न्याय र न्यायीक....

छ । न्यायीक समितिलाई हरेक प्रकारको मुद्द मिलाइदिनु पर्ने दबाब आउन थालेको गुनासा आउन थालेका छन् । शान्ति व्यवस्थालाई खलल पुऱ्याउने, समग्र मानव सभ्यातालाई नै चुनौति दिने अर्थात हामी सरकारबादी मुद्दा भन्छौ । यस्ता मुद्दाहरूलाई पनि न्यायीक समितिमा मिलाइदेउ भनेर दबाब आउने गरेको भन्ने छ । यो चाहीँ नकारात्मक रूपमा देखिन्छ । यस्ता मुद्दाहरू कुनै पनि रूपमा थामथुम पार्ने, मेलमिलाप गर्ने गर्नुहुन्न भनेर बुझाउनु अबको चुनौति छ । यो कुराहरू बुझाउन प्रतिनिधिहरूले दबाबमा रहनु हुदैन । न्यायीक समितिलाई एउटा क्षत्राधिर प्रदान गरिएको छ । त्यै क्षत्राधिकारभित्र रहेर काम गर्ने हो । त्यो भन्दा बाहिर गएर गरेको कामले बैधानिकता पाउँदैन । न्यायीक समितिलाई यस्तो दबाबमा पारीनु हुदैन ।

न्यायमा सुनिश्चितता प्रदानको लागि न्यायीक समितिलाई अधिकार प्रदान गरिएको हो । भाषको हिसाबले, पीडित पक्षले बहन गर्न सक्ने आर्थिक भारलागयतका हिसाबले सबै कुरा टुङ्ग्याउने अधिकार स्थानीय तहलाई यसकारण प्रदान गरिएको हो कि जनताको पहुँच न्यायको लागि सहज प्राप्त हो । न्यायीक निकायलाई कार्यविधि कानुन बनाउने सवालमा स्वायत्तता छ । न्यायीक समितिले हेर्ने मुद्दामा कस्तो कार्यविधि बनाउने भन्ने अधिकार स्थानीय निकायलाई भएकोले उहाँहरूले सहज कानुन बनाउन सक्नु हुन्छ । तर त्यसमा अदालतमा जे हुन्छ, त्यही नै लागु गर्न खोजियो भने, फेरी पनि चाहे जस्तो न्यायीक पहुँच प्राप्त हुन सक्दैन । अदालतमा जाँदा सामान्यतःऔपचारी रूपमा एउटा लिखत लिएर जानु पर्ने हुन्छ, कानुन व्यवसायीहरूको सहयोग लिनुपर्ने हुन्छ, त्यसको आफ्नै आवश्यकता छन्, अदालतको आफ्नै मान्यता छ ।

न्यायीक समितिमा यो सबै नहुँदा सहज पहुँच होस् भनेर यो संरचना बनाइएको हो । व्यक्तिले आफ्नो उजुरी मौखिक रूपमा पनि दिन सक्ने र न्यायीक समितिले लेखबद्ध गर्ने गरेर औपचारीक रूप दिएर उजुरी र प्रतिउत्तरलाई व्यवस्थित गर्नुपर्छ । सूचना दिने कुरा, फैसला दिने कुराहरू सहज बनाइयो भने सरल र सहज पहुँच हुन्छ । यस्ता अभ्यास भरहेको पनि छ, अझै परिमार्जन पनि होला भन्ने आशा छ ।

स्थानीय तहहरूले धेरै रामा सकारात्मक कामहरू पनि गरेका छन् । हेटौंडा उपमहानगर पालिकाले पनि पीडितहरूको संरक्षणका लागि बनाएको सेफ हाउस, पुरस्थापना र आत्म निर्भरताका लागि अगाडि बढाएको उद्यमी घरको अबधारणा सबैका लागि प्रेरणादायी छन् । यस्ता अभ्यास र अनुभवबाट सर्व साधारणहरूको न्यायमा पहुँच सुनिश्चित हुने कुरामा विश्वस्त हुन सकिन्छ । यस्ता सकारात्मक कामको सिको अन्य अन्य स्थानीय तहहरूले पनि गर्नु राम्रो हुन्छ । ताकि सर्वसाधरणको लागि न्याय अझै सहज र सरल बन्न सकोस् ।


सम्पादक सरिता दाहालसँग गरिएको कुराकानीमा आधारीत

राक्सिराङमा भोली सार्वजनिक बिदा

सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको राक्सिराङ गाउँपालिकाले क्रिसमसको अवसरमा भोली पुस ९ गते सार्वजनिक विदा दिएको छ। गाउँपालिकाकाले क्रिसमसको दिन पुष १० गते शनिबार पर`कोले क्रिसमसको अघिल्लो दिन नै विदा दिने निर्णय गर`को हो ।

गाउँपालिकाले भने पुस ९ गते शुक्रबार नै क्रिसमसको अवसरमा बिदा दिने निर्णय गरेको हो ।बुधबार गाउँपालिकाले बिदासम्बन्धी निर्णयको जानकारी गराएको छ । सार्वजनिक विदा दिइएको दिन पुष ९ गते गाउँपालकिामा रहेका सबै सरकारी कार्यालय र शिक्षण सस्था बन्द रहने गाउँपालिका अध्यक्ष राजकुमार मल्लले बताए ।


राक्सिराङ गाउँपालिका
Raksirang Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal
मिति: २०७८/०९/०७
सार्वजनिक बिदा सम्बन्धी सूचना।
राजकुमार मल्ल
गाउँपालिका अध्यक्ष

चेपाङ जातिको बाहुल्य रहेको मकवानपुरको विकट राक्सिराङ गाउँपालिकामा क्रिष्चियन धर्म परिवर्तन गर्ने क्रम व्यापक छ ।

यस बर्ष मकवानपुरमा धान उत्पादन बढ्यो

सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरमा यसवर्ष धान उत्पादन बढेको छ। गत वर्ष भन्दा यसवर्ष २ हजार २ सय ५७ मेट्रिक टनले धान उत्पादन बढेको हो कृषि ज्ञान केन्द्र चितवनले जनाएको छ ।

मकवानपुरमागतवर्ष ४४ हजार ४ सय २० मेट्रिक टन धान उत्पादन भएको थियो। यसवर्ष भने ४६ हजार ६ सय ७७ मेट्रिक टन धान उत्पादन भएको केन्द्रका सूचना अधिकारी मिन बहादुर पुनले बताए ।

जिल्लामा कुल १३ हजार ४ सय २० हेक्टर क्षेत्रफलमा धान खेती हुने गरेको छ । उक्त क्षेत्रफलमा अनुमानित ५० हजार १ सय ९० मेट्रिक टन उत्पादन हुनुपर्नेमा बेमौसमी बर्षाले ३ हजार ५ सय १३ मेट्रिक टन धान क्षति भएको सुचना अधिकारी पुनले बताए ।

जिल्लामा यसवर्ष ३.७४ प्रति हेक्टर उत्पादकत्व भएकोमा गतवर्ष ३.७ प्रतिहेक्टर उत्पादकत्व रहेको थियो । सूचना अधिकारी पुनका अनुसार आधुनिक कृषि प्रणाली, सिँचाईको सुविधा, कृषकमा कृषि सम्बन्धी ज्ञान तथा उन्नत बीउ बीजनका कारण जिल्लामा धान उत्पादन बढेको हो ।

मकवानपुरमा सावित्री, सावा, रामधान, मकवानपुरे, वार लगायतका धान लगाइन्छ । जिल्लाका सबै स्थानीय तहमा धान खेती हुने गरेको छ । सबैभन्दा धेरै मनहरी गाउँपालिकामा ३ हजार ९ सय २५ हेक्टर क्षेत्रफलमा धान उत्पादन हुने गरेको छ ।

यसैगरी, हेटौंडा उपमहानगरपालिकामा २ हजार, बागमती गाउँ पालिकामा २ हजार ७ सय, बकैया गाउँपालिकामा १ हजार ७ सय, मकवानपुरगढी गाउँपालिकामा १ हजार ४ सय, कैलाश गाँउपालिकामा १ हजार १ सय, थाहा नगर पालिकामा २ सय, भिमफेदी गाँउपालिकामा २ सय, राक्सिराङ गाँउपालिकामा १ सय ५०, इन्द्रसरोबर गाउँपालिकामा ४५ हेक्टर क्षेत्रफलमा धान खेती हुने गरेको कृषि ज्ञान केन्द्र चितवनले जनाएको छ ।

नेपाल जेसीजको राष्ट्रिय उपाध्यक्षमा बस्नेत निर्वाचित

सहीखबर संवाददाता

मकवानपुर । नेपाल जेसीजको राष्ट्रिय उपाध्यक्षमा हेटौडाकी रश्मि बस्नेत निर्वाचित भएकी छन्। नेपाल जेसीजको ४८ औं महाधिवेशनमा बस्नेत उपाध्यक्षमा निर्वाचित भएकी हुन्। पोखरा जेसीजको आतिथ्यमा भएको महाधिवेशन अन्तर्गत उपाध्यक्ष पदमा एक मात्र महिलाको रूपमा उम्मेदवारी दिएकी बस्नेतले पाँचौं सर्वाधिक मत ल्याएर विजयी भएकी हुन् ।

१२ जना उपाध्यक्षका लागि १९ जना उम्मेदवारहरूका बीच प्रतिस्पर्धा भएको थियो । मतदानमा कुल १ हजार २ सय ६८ मत खसेको थियो भने बस्नेतले ९ सय ३३ मत प्राप्त गर`की थिइन् थियो । राष्ट्रिय उपाध्यक्षमा निर्वाचित बस्नेत हेटौंडा लेडी जेसीज वर्ष २०१२ को अध्यक्ष हुन् भने वर्ष २०२१ को प्रमुख सल्लाहकार रहेकी छन् । यसै गरी नेपाल जेसीजको अध्यक्षमा लालमणि भण्डारी चयन भएका छन् ।

यसै गरी जेसीजको राष्टिय महाधिवेशनमा वर्ष २०२१ को ीफ उचभकष्मभलत या तजभ थभबच अवार्ड र समुदाय स्तरमा कार्य गरेकोमा यगतकतबलमष्लन अफगलष्तथ कभअ(



तयच उचयवभअत बचभब द्य अवार्डबाट जेसीआई हेटौडा लेडीलाई सम्मानित गरिएको छ। जेसीआई हेटौडा लेडीले गरेको कार्यहरूप्रति उच्च मुल्यांकन गर्दै उक्त अवार्डबाट सम्मानित गरिएको हो ।

फोनिजले अक्षय कोष स्थापना गर्ने

सहीखबर संवाददाता

मकवानपुर । नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) मकवानपुरले अक्षय कोष स्थापना गर्ने भएको छ । फोनिज मकवानपुरले आदिवासी जनजाति पत्रकारलाई सम्मान र पर स्कार प्रदान गर्न तथा तालिम संचालन र आपतकालिन सहयोग गर्न अक्षय कोष स्थापना गर्ने भएको हो ।

नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) मकवानपुरको पाँचौ जिल्ला अधिवेशनबाट नवनिर्वाचित कार्यसमितिको पहिलो बैठकले कोष स्थापना गर्ने निर्णय गरेको हो । साथै कोषमा सहयोग गर्न सहयोगीहरूलाई बैठकले अनुरोध समेत गरेको छ ।

फोनिज मकवानपुर अध्यक्ष अशोकसुजन श्रेष्ठको अध्यक्षतामा सोमबार हेटौंडामा बसेको बैठकले मकवानपुरका आदिवासी जनजाति पत्रकारको विस्तृत तथ्यांक संकलन गर्ने निर्णय गरेको छ । फोनिज मकवानपुरकी सचिव रूपा गुरूङ संयोजक तथा सहसचिव मनिता राना र सदस्य भुपेन्द्र राना मगर सदस्य रहेको तथ्यांक संकलन उपसमिति गठन गरिएको हो ।

यस्तै, यही पुस २४ गते हुने फोनिज बागमती प्रदेश अधिवेशनलाई भव्य रूपमा सम्पन्न गर्न फोनिज मकवानपुरले आवश्यक सबै सहयोग गर्ने निर्णय गरेको सचिव गुरूङले बताईन् । फोनिज मकवानपुरको वार्षिक कार्ययोजना बनाउँन आदिवासी अगुवा, पत्रकार तथा फोनिजका उच्च नेतृत्वसँग समन्वय गर्ने निर्णय गरिएको उनले बताईन् ।

बैठकले फोनिज मकवानपुरको चौथो जिल्ला अधिवेशनबाट चयन भएको कृष्ण सारू मगर नेतृत्वको निवर्तमान कार्यसमिति र फोनिजको संघीय अनुशासन विभाग प्रमुख कुमार नेगीको संयोजकत्वको निर्वाचन समितिलाई धन्यवाद ज्ञापन गर्ने निर्णय समेत गरेको छ।

गैसस महासंघको केन्द्रीय सचिवमा बुद्धशरण लामा

सहीखबर संवाददाता

मकवानपुर । गैरसरकारी संस्था महासंघ नेपालको केन्द्रीय सचिवमा मकवानपुरका बुद्धशरण लामा चयन भएका छन् । दशौं राष्ट्रिय महाधिवेशनबाट नव निर्वाचित केन्द्रीय सदस्यहरूको सपथ ग्रहणपछि आईतबार बसेको पहिलो पुर्ण बैठकले लामालाई सचिव चयन गरेको हो ।

गैरसरकारी संस्था महासंघको निवर्तमान केन्द्रीय सदस्य तथा बागमती प्रदेश ईन्चार्ज रहेका लामा गैरसरकारी संस्था महासंघ मकवानपुरको पूर्व अध्यक्ष समेत हुन्। केन्द्रीय सचिवमा चयन भएपछि लामाले सहयोग एवं समझदारीको लागि सबै केन्द्रीय कार्यसमिति र सदस्यहरूलाई सामाजिक सजालमार्फत् धन्यवाद व्यक्त गरेका छन् ।

गैरसरकारी संस्था महासंघ मकवानपुरको कोषाध्यक्ष, सचिव, उपाध्यक्ष हुँदै अध्यक्ष भएका लामाले मध्यमाञ्चल क्षेत्रीय अध्यक्ष र बागमती प्रदेश अध्यक्षको भुमिका समेत निर्वाह समेत गरिसकेका छन् । २५ बर्षदेखी गैरसरकारी संस्थामा क्रियाशील लामा युवा सेवा समाज(युसेस) मकवानपुर को अध्यक्षको रूपमा क्रियाशील छन् ।

यसैबिच, मकवानपुरकी गैरसरकारी संस्थाकर्मी ईन्दिरा न्यौपाने गैरसरकारी संस्था महासंघको बागमती प्रदेश सह इन्चार्जमा चयन भएकी छिन्। पुस २ र ३ गते काठमाडौंमा सम्पन्न महाधिवेशनबाट सर्वसम्मत निर्वाचित ४७ केन्द्रीय सदस्यको पूर्ण बैठकले जिम्मेवारी तोकेको थियो ।

२०७८ पुस ८ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

कांग्रेस केन्द्रीय सदस्यमा बागमतीबाट केसी,रञ्जित र नेपाल

○ सहीखबर संवाददाता

मकवानपुर/कांग्रेसको केन्द्रीय सदस्यमा बागमती प्रदेशबाट राजेन्द्रकुमार केसी, ध्यानगोविन्द रञ्जित र उर्मिला नेपाल केसी निर्वाचित भएका छन् ।

प्रदेशको खुलातर्फ केसी र रञ्जित विजयी भएका हुन् । केसीले २ हजार १२९ मत पाएका छन् भने रञ्जितले २ हजार ४१९ मत पाएका छन् ।त्यस्तै, महिलातर्फ उर्मिला नेपाल केसी २ हजार ३४९ मतसहित विजयी भएकी छन् ।

प्रतिनिधिसभा सदस्य रहेका केसी नेता शेखर कोइराला निकट हुन् भने रञ्जित र नेपाल सभापति शेरबहादुर देउवा समूहका उम्मेदवार हुन् ।

त्यही पदका प्रत्यासी ध्रुवप्रसाद अधिकारीले २ हजार १११, निमा ग्याल्जेन शेर्पाले ३७५, मनोज रानाले २४५ र र मेशप्रसाद धमलाले १६८४ मत पाएका छन् । त्यसैगरी महिलातर्फ कृष्णा अमात्यले ५५१ र विष्णुदेवी पुडासैनीले १६७० मत पाएका छन् ।

लिङ्गका आधारमा कसैलाई पनि भेदभाव नगरौं । • सहीखबर

जिल्ला स्तरीय पुरुष भलिबल प्रतियोगिता मकवानपुरगढीमा हुने

○ सहीखबर संवाददाता

मकवानपुर/जिल्ला स्तरीय पुरुष भलिवल प्रतियोगिता मकवानपुरगढीमा हुने भएको छ । आमभञ्ज्याङ युवा क्लब मकवानपुरगढी ५ को आयोजना र मकवानपुर गढी गाउँपालिकाको प्रायोजनमा रनिङ शिल्ड पुरुष भलिवल प्रतियोगिता हुन लागेको हो ।

आयोजक आमभञ्ज्याङ युवा क्लब मंलबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै आगामी पुस १४ गतेदेखि १७ गतेसम्म प्रतियोगिता हुने जानकारी दिएको हो। प्रतियोगितामा प्रथम हुनेलाई ६६ हजार ६ सय ६६ रुपैया सहित शिल्ड, मेडल र प्रमाणपत्र, द्वितीय हुनेलाई ३३ हजार ३ सय ३३ रुपैया सहित शिल्ड, मेडल र प्रमाणपत्र, तृतीय हुनेलाई १५ हजार सहित शिल्ड, मेडल र प्रमाणपत्र र सान्त्वना हुनेलाई ५ हजार नगद सहित प्रमाणपत्र प्रदान गरिने अध्यक्ष राजेश अधिकारीले बताए ।

प्रतियोगितामा उत्कृष्ट खेलाडीलाई ५ हजार, वेष्ट स्पाइकरलाई २ हजार, वेष्ट सेटर लाई २ हजार, वेष्ट ब्लकरलाई २ हजार र अनुशासित टिमलाई ३ हजार पुरस्कार रहेको आयोजकले जनाएको छ ।

प्रतियोगितामा टिम दर्ता गर्न २ हजार



दस्तुर लाग्ने र टिम दर्ता १३ गते दिउँसो ३ बजे सम्म गरिसक्नुपर्ने कार्यक्रम संयोजक ईन्द्रप्रसाद सञ्जेलले बताए ।

खेलको टाइसिट पुस १३ गते दिउँसो ४ बजे सार्वजनिक गरिने सञ्जेलले बताए । प्रतियोगितामा करिब १० देखी १४ वटा टिमले भाग लिने अनुमान आयोजकले गरेको छ ।

प्रतियोगितामा समावेश हुने टिमका खेलाडी मकवानपुर जिल्ला भित्रको मात्र हनु पर्ने आयोजकले जनाएको छ।(सहीखबर डटकम)

चोरी भएको शालिक भेटियो



मकवानपुर/मकवानपुरको भीमफेदीबाट शनिबार राति चोरी भएको शालिक भेटिएको छ । लोककवि गणेशलाल श्रेष्ठको शालिक आईतबार अनावरण गर्ने गरी राखिएकोमा शनिबार चोरी भएको थियो ।

भीमफेदी-६ स्थित चिसापानी पुल मुनी सोमबार अपरान्न ४ बजेर ४५ मिनेटको समयमा शालिक भेटिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । प्रहरीले फेला पारेको शालिक इलाका प्रहरी कार्यालय भीमफेदीमा राखिएको छ ।

भीमफेदीमै जन्मेर लोककविको उपाधि पाउनुभएका गणेशलाल श्रेष्ठको सम्मानमा नागरिकस्तरबाटै भीमफेदी-६, भीमफेदी बजारस्थित ज्योति पुस्तकालय परिसरमा शालिक स्थापना गर्न लागिएको हो । लोककवि श्रेष्ठको शालिक आइतबार अनावरण गर्ने कार्यक्रम तय गरिएको थियो ।

शालिक बरामद भए पनि प्रहरीले शालिक चोरीमा संलग्नलाई पहिचान गर्न सकेको छैन । शालिक चोरी भएको घटनाको अनुसन्धान जारी रहेकोले घटनामा संलग्नलाई कारवाहीको दायरामा ल्याउने मकवानपुर प्रहरीले जनाएको छ ।(सहीखबर डटकम)

पाँच मन्त्रालय एकै ....

मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, सामाजिक विकास मन्त्रालय र स्वास्थ्य मन्त्रालय रहेका थिए ।

वर्तमान मुख्यमन्त्री पाण्डेको सरकारले हालको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय फुटाएर तीनवटा बनाएको छ । अहिले उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, संस्कृति तथा पर्यटन मन्त्रालय र वन तथा वातावरण मन्त्रालय बनाइएको छ । यस्तै भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय फुटाएर कृषि तथा पशुपक्षी विकास मन्त्रालय र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय बनाएको छ ।

भौतिक पूर्वाधार विकास मन्त्रालय फुटाएर खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय, श्रम रोजगार तथा यातायात मन्त्रालय र भौतिक पूर्वाधार विकास मन्त्रालय बनाइएको छ । सामाजिक विकास मन्त्रालय फुटाएर युवा तथा खेलकुद मन्त्रालय र सामाजिक विकास मन्त्रालय बनाइएको छ ।

एउटै भवनमा एक भन्दा बढी मन्त्रालय राखिएपछि मन्त्रालय ३ वटा कोठामा सिमित गरिएको र साँघुरो गरी काम गर्न परिको श्रम रोजगार तथा यातायात मन्त्री घनश्याम दाहालले बताए । 'मन्त्रालय ३ वटा कोठामा अटाइएको छ, कसरी प्रभावकारी ढंगले सेवा दिन सक्नु' मन्त्रालयका सूचना अधिकारी राजन पोखरेलले भने ।

थपियो करोडौंको आर्थिक भार

बागमती प्रदेशमा मन्त्रलाय थपिएपछि आर्थिक भार ह्वात्तै बढेको छ । नियमित हुने खर्च भारबाट राज्यकोषमा अनावश्यक करोडौको व्ययभार थप गरिएको छ । मन्त्रालयको व्यवस्थापनमा लाग्ने प्रशासनिक तथा मन्त्रीको सचिवालय, पीए व्यवस्थापन, सल्लाहकार, यातायात, विद्युत, पानीलगायतका विभिन्न सुविधामा मात्रै मासिक लाखौं रुपैयाँ खर्च थपिएको छ ।

वार्षिक करोडौं व्ययभार थप्नेगरी मन्त्रालय फुटाएको आलोचना खेप्दै आएका मुख्यमन्त्री पाण्डेले आफूले मन्त्रालयहरु फुटाउनुको कारण २ महिनाभित्र नतिजाबाटै स्पस्टोक्ती दिने बताएका छन् । तर पाण्डे आफैंले तोकेको २ महिनाको समय सिमा पनि अब डेढ महिनामात्रै बाँकी छ । प्रदेश सरकारले ३ पटक गरेर ११ मन्त्री र एक राज्यमन्त्री नियुक्त भइसकेको छ । अझै ३ मन्त्री र दुई राज्यमन्त्री नियुक्त गर्ने तयारी भइरहेको बुझिएको छ ।

मन्त्रालयको आवश्यकता सम्बोधनको लागि तत्काल ३० वटा सवारी खरिद तयारी प्रदशे सरकारले गरेको प्रदेशको अर्थ मन्त्रालयले जनाएको छ । यस अनुसार भौतिक पूर्वाधार मन्त्रालयलाई तत्काल दुईवटा सवारी खरिद गर्न १ करोड २० लाख रुपैयाँ बराबरको स्रोत सुनिश्चित गरिसकेको छ । अब ३० वटा सवारी खरिद गर्दा करिब १८ करोड रुपैयाँ थप खर्च मन्त्रालयले जनाएको छ ।

मन्त्रालय थपिएपछि मन्त्रालयको व्यवस्थापन मात्रै हैन, मन्त्रीहरु बस्ने क्वारटरको समेत अभाव भएको छ । हाल कृषिमन्त्री र राज्यमन्त्री बस्ने सरकारी क्वार्टर नहुँदा भाडाको घरमा बस्दै आएका छन् । यसैगरी वन तथा वातावरणमन्त्री र खानेपानी तथा सिँचाइमन्त्रीका लागि पनि बस्ने सरकारी क्वार्टर नहुँदा भाडामा नै बस्दै आएका छन् । सामाजिक विकास मन्त्रालयबाट विभाजन गरेर बनाइएको युवा तथा खेलकुद विकास मन्त्रालय नै भाडाको घरमा छ ।

मन्त्रालयहरु यसरी फुटाएर खर्चको भार बढाउनु एक प्रकारको भ्रष्टाचार भएको भन्दै पूर्व मुख्यमन्त्री डोरमणी पौडेलले यस्तो काम भत्सना योग्य भएको बताए । 'जनताको हितको लागि, राष्ट्रको लागि के काम गर्ने भन्नेतर्फ भन्दा दलको भागबण्डा कसरी पुऱ्याउने भन्ने तर्फ योजनाहरु बनाउनु थालियो, यो पनि भ्रष्टाचार हो' पौडेलले भने ।

२०७८ पुस ८ गते विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

हेटौंडा अस्पतालको सेवा सुधार गर्ने स्वास्थ्यमन्त्रीको प्रतिबद्धता



○ सहीखबर संवाददाता

मकवानपुर/हेटौंडा अस्पतालको सेवा सुधारका लागि मकवानपुरको नागरिक समाजका प्रतिनिधिको टोलीले बागमती प्रदेशका स्वास्थ्यमन्त्री निमा लामालाई ज्ञापनपत्र बुझाएको छ ।

गैरसरकारी संस्था महासंघ मकवानपुर की उपाध्यक्ष रमिला सापकोटाको नेतृत्वमा गएको टोलीले मन्त्री लामालाई अस्पताल सुधार का लागि ८ बुँदे ध्यानाकर्षण पत्र बुझाएको हो ।

ध्यानाकर्षण पत्र बुझ्दै मन्त्री लामाले हेटौंडा अस्पतालबारे आएका सुझावलाई कार्यान्वयन गर्दै अस्पतालको सेवामा सुधार गराउने प्रतिबद्धता व्यक्त गरेका छन् । उनले कोरोना महामारीको जोखिम कायमै रहेको अवस्थामा हेटौंडा अस्पतालको सेवालाई थप प्रभावकारी बनाउँदै नागरिकले गुणस्तरीय सेवा पाउने अवस्था सिर्जना गर्ने बताए ।

नागरिक समाजका प्रतिनिधिलाई स्वास्थ्य क्षेत्रमा देखिएका समस्यालाई औल्याएर सुधारका लागि सहयोग गर्न मन्त्री लामाले आग्रह गरे ।

नागरिक समाजको ध्यानाकर्षण पत्रमा हेटौंडा अस्पतालको स्तरोन्नती एवं क्षमता अभिबृद्धि गर्नुपर्ने, सबै खाले रोगको विशेषज्ञ सुविधा सहितको सेवाको व्यवस्था गर्नुपर्ने, समयमा डाक्टरको उपस्थिति सुनिश्चित गर्नुपर्ने माग गरेको हो ।

यसैगरी बेवारिसे बिरामीको उपचार को व्यवस्था मिलाउनुपर्ने, बनिरहेको भवन निर्माण सम्पन्न गरी चाँडै हस्तान्तरण गर्नुपर्ने, कर्मचारीको व्यवहारमा सुधार ल्याउनुपर्ने, विमाको औषधीको राम्रो उपलब्धता हुनुपर्ने र टिकट वितरण प्रणाली व्यवस्थित र छरितो बनाउनुपर्ने माग गरिएको छ ।

कार्यक्रममा सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुरका अध्यक्ष साधुराम चौलागाई,नागरिक समाजका तिर्थ थापा मगर, नारी संरक्षण केन्द्रका राम मिजार, डेक नेपालकका मानबहादुर वाईबा, पुजा वाईबा, सञ्चारीका समूह बागमती प्रदेश अध्यक्ष पत्रकार सरिता दाहाल, खबरब्रेकका संवाददाता रामकुमार दानी, दलित महिला संघकी मन्जु रोका लगायतको सहभागिता रहेको थियो ।

नागरिक समाज मञ्च मकवानपुरले शिक्षा,स्वास्थ्य, खाद्यलगायतको सवालमा स्थलगत अनुगमन गरि, तथ्या रिपोर्ट सहित सम्बन्धित निकायको खबरदारी गर्दै आएको छ । उपभोक्तको हित प्रवर्द्धनको लागि जवाफदेही हुन ति निकायलाई झकझक्याउँदै आएको डेक नेपालका कार्यक्रम संयोजक तथा मञ्चका सदस्य मानबहादुर वाइबाले बताए ।

खानी अध्ययन गर्न समिति गठन

○ सहीखबर संवाददाता

मकवानपुर/मकवानपुरको राक्सिराङ गाउँपालिका-४ मा को ढुङ्गा खानीको विवाद सुल्झाउन नसकिएपछि अध्ययनको लागि समिति गठन गरिएको छ ।

बुधबार बसेको सर्वपक्षिय भेलाले गाउँपालिका अध्यक्ष राजकुमार मल्लको संयोजकत्वमा वडा नम्बर ३, ४,५ का वडा अध्यक्ष,गाउँपालिका स्थित राजनितिक दलका प्रतिनिधि,ऋद्धिसिद्धि सिमेन्ट उद्योगका प्रतिनिधि, जनसरोकार मञ्चका अध्यक्ष गोपाल मुक्तान, युवाको प्रतिनिधि छत्रबहादुर मुक्तान सदस्य रहने र सदस्य सचिव गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौला रहेको समिति गठन गरिएको हो।

समितिले चुनढुङ्गा खानीलाई व्यवस्थित रुपमा सञ्चालन गरी स्थानीय प्रभावित क्षेत्र तथा सरोकारवालाहरुको विविध गुनासो व्यवस्थापन तथा संबोधन गर्न सहजिकरण तथा समन्वयको काम गर्ने गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लले बताए ।

खानी क्षेत्रमा विभिन्न समस्या उत्पन्न भए पछि ढुङ्गा उत्खनन तथा ओसारपसार गर्न रोकिएको थियो । बुधबार गाउँपालिका सभाहलमा सर्वदलीय बैठक बसी छलफल र गुनासो आदानप्रदान गरी उद्योग, वडा अध्यक्ष, राजनितिक दल, स्थानीय युवा र प्रभावित पिडितका साथै सञ्चारकर्मीको उपस्थितीमा बैठक बसेको थियो । विगतमा उद्योगले कोठे सम्झौता गरिएको प्रति आपत्ति जनाउदै नेपाली कांग्रेस सहित अन्यदलहरुले सम्झौतामा भएका १३ बुदें सम्झौता अक्षरस पालना गर्न उद्योगलाई आग्रह गरेको छ । उद्योगका प्रतिनिधि गणेशकुमार सिंहले संझौता अनुरुप आवश्यक पहल चालेर काम गर्ने बताएका छन् ।

लागु औषध रहित परिवार: स्वास्थ जीवनको आधार

- लागु औषधले मानिसको शारिरीक तथा मानसिक स्वास्थ्य बिग्रन्छ ।
- लागु औषधको उत्पादन, सञ्चय, ओसारपसार, विक्री वितरण तथा सेवन कानुनतः दण्डनीय छ ।
- गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरूलाई पनि लाग्न नदिऔं ।
- स्वास्थ र सुखी परिवारको लागि लागु औषध दुर्व्यसनलाई निरूत्साहन गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड